नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(संघीय मामिला शाखा)
फोन { ४२००३०९
४२००२८१

पत्र संख्याः- २०७५।०७६
चलानी नं.:- ६३

मितिः २०७५/०६/२५

श्री गाउँ कार्यपालिकाको कार्यालय, (सबै)
श्री नगर कार्यपालिकाको कार्यालय, (सबै) ।

विषयः- कृषि तथा पशु सेवा तर्फका कर्मचारीको तलब भत्ता सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयको च.नं.१५५ मिति २०७५/०६/२२ गतेको पत्रबाट पत्राचार भईसकेकोमा श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं.२०२३ मिति २०७५/०६/२५ को पत्र पुनः प्रास भएको छ । नेपाल कृषि सेवा अन्तर्गत रही स्थानीय तहमा कार्यरत कर्मचारीहरु एवं साविक कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेका सेवा केन्द्र/उपकेन्द्र/इकाइहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ता लगायतको विषयमा मिति २०७५/०६/२५ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भएको सचिवस्तरीय निर्णय रहेको व्यहोरा संलग्न पत्रबाट अवगत गरी कार्य गर्न गराउनु हुन निर्देशानुसार अनुरोध गर्दछु।

(दुर्गा दाहाल)
शाखा अधिकृत

बोधार्थः श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको Website मा Upload गरीदिनुहुन।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(योजना तथा विकास सहायता समन्वय महाशाखा)

फोन नं. ४२११६३८, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९११
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः ०७५/०७६
च.नं.: २०२३

मितिः - २०७५/६/२५

विषयः- निर्णय कार्यान्वयन सम्वन्धमा

२३७ २०७५/६/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

मिति २०७५/६/२४ गते यस मन्त्रालय नेपाल कृषि सेवा अन्तर्गत रही स्थानीय तहमा कार्यरत कर्मचारीहरु एव साविक यस मन्त्रालय अन्तर्गत रहेका सेवा केन्द्र/उपकेन्द्र/इकाइहरुमा कार्यरत कर्मचारीहरुको तलव भत्ता लगायतको विषयमा श्रीमान् सचिवज्यूको अध्यक्षतामा वसेको वैठकले *"संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रांलयको मिति २०७५/५/२५ को निर्णयानुसार स्थानीय तहको स्थायी संगठन संरचना स्वीकृत नभए सम्मका लागि कृषि तथा पशु सेवा विकास तर्फका कर्मचारीहरुलाई यस मन्त्रालयबाट पेश भएको सूची बमोजिम कर्मचारी सम्वन्धित स्थानीय तहमा खटाउने र खटिने कर्मचारीहरुको तलव भत्ता लगायतका सुविधा र ती कर्मचारीहरुको कार्य विववरण स्थानीय तहहरुमा पठाउने निर्णय भए बमोजिम निरन्तर रुपमा कर्मचारी खटाउने कार्य यस मन्त्रालयबाट हुदै आएको छ। साथै यसरी खटिने कर्मचारीहरुलाई सम्वन्धित स्थानीय तहले स्थानीय तहको विषयगत कार्य समेत सम्पादन गर्ने गरी सेवा केन्द्र/उपकेन्द्र/इकाइ जस्ता फिल्ड स्तरका कार्यालयमा कर्मचारी अभाव नहुने तथा सेवा प्रवाहमा असर पर्ने गरी साविकका सेवा केन्द्रहरुमा खटाउने । सेवा केन्द्रहरु नभएको वा ती सेवा केन्द्रहरुमा दरवन्दीहरु भन्दा बढी कर्मचारी भएका सम्वन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी आवश्यकतानुसार स्थानीय तहको विषयगत शाखा/इकाइमा काम काज गर्न लगाउने व्यवस्था रहेको छ। यसै गरी स्थानीय तहहरुले हस्तान्तरण भइ आएका साविकमा यस मन्त्रालय अन्तर्गत रहेका सेवा केन्द्र/उपकेन्द्र/इकाइहरु यथाअवस्थामा सञ्चालन गर्ने व्यवस्था मिलाउने समेत सहमति प्राप्त भएको छ । यसै सन्दर्भमा साविकका यस मन्त्रालय अन्तर्गत रहेका सेवा केन्द्र/उपकेन्द्र/इकाइहरु नयाँ गठित गाउँपालिका वा नगरपालिकामा हस्तान्तरण हुँदा एक भन्दा बढी त्यस्ता सेवा केन्द्र/उपकेन्द्र/इकाइहरु हस्तान्तरण भएकोले हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/५/२५ को निर्णयानुसार सहमति प्राप्त संगठन संरचना र दरवन्दी विवरण भन्दा बढी स्थायी कर्मचारीहरु केही स्थानीय तहमा कार्यरत रहेको देखिन्छ । यसरी स्थानीय तहहरुले हस्तान्तरण भइआएका साविकमा यस मन्त्रालय अन्तर्गत रहेका सेवा केन्द्र/उपकेन्द्र/इकाइहरु यथाअवस्थामा सञ्चालन गर्न हाल कार्यरत स्थायी कर्मचारीहरु आवश्यक पर्ने तर संगठन संरचना र दरवन्दी विवरण भन्दा बढी भएका स्थायी कर्मचारीहरुलाई तलव भत्ता भुक्तान लगायतको सुविधा प्रदान गर्न कठिन देखिएको हुँदा स्थानीय तहमा कार्यरत दरवन्दी भन्दा वाहेकका स्थायी कर्मचारीहरुलाई नेपालीहरुको महान चाड वडा दशैं लगायतका पर्व नजिकिदै गएको र सो पर्वको १५ दिन अगाडि चाडपर्व खर्च समेत उपलब्ध गराउनु पर्ने व्यवस्था रहे अनुसार स्थानिय तहको अन्य कुनै बजेट खर्च शीर्षकबाट स्थायी कर्मचारीहरुलाई २०७५ असोज मसान्तसम्म (चाडपर्व खर्च समेत) को लागि उपलब्ध गराउन अनुरोध गर्ने र दरवन्दी वाहेकको खर्च भए अनुसारको सोधभर्ना माग गर्न/गराउन र दरवन्दी भन्दा बढी रहेका कर्मचारीहरुको विवरण समेत उपलब्ध गराउन सम्पूर्ण गाँउपालिका र नगरपालिका अनुरोध गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।"* गरी निर्णय गरेको हुँदा उक्त निर्णय सबै गाउँपालिका/नगरपालिकामा कार्यान्यनको लागि लेखि पठाइ सहयोग गरिदिनु हुन निर्णयानुसार अनुरोध छ ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ५०१
मितिः- ६/२५

(लालकुमार श्रेष्ठ)
वरिष्ठ कृषि अर्थ विज्ञ